दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ०९ | बुटवल | २०८२ पौष १९ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday January 03, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

## बसको ठक्करबाट दुई जनाको मृत्यु




गुल्मी । गुल्मीको मालिका गाउँपालिका-६ राम्चेमा बसको ठक्करबाट दुई जनाको मृत्यु भएको छ। दुई जना घाइते भएका छन् ।

मृत्यु हुनेमा मालिका ६ का ३६ वर्षीय बसन्त अर्याल र उनकी भाउजू करिब ५५/५६ वर्षीया मनकला अर्याल रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायब उपरीक्षक गंगाबहादुर सारुले जानकारी दिए।

लु ९ प ८१५० नम्बरको मोटरसाइकलमा सवार उनीहरुलाई विपरीत दिशामा रहेको लुम्बिनी प्रदेश ०० ख ०३५५ नम्बरको बसले ठक्कर दिएको थियो । सो बसमा सिद्ध इङ्ग्लिस बोर्डिङ् स्कूलका विद्यार्थी सवार थिए। विद्यार्थीहरु पिकनिक जाँदै थिए।

बसले ठक्करबाट गम्भीर घाइते भएकाहरुलाई उद्धार गरी अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ।

दुर्घटनामा मोटरसाइकलमा सवार मनकला अर्यालका नाति करिब ५/६ वर्षीय अनुभव गिरी सामान्य घाइते भएका छन् । यस्तै, बसमा सवार मालिका-६ राम्चे निवासी ४१ वर्षीया शिक्षिका लिलावती अर्याल पनि सामान्य घाइते भएकी छन् । दुवै घाइतेको गुल्मी अस्पतालमा उपचार भइरहेको छ।

दुर्घटनापछि बस चालक धुर्कोट गाउँपालिका-४ जैसिथोक निवासी ४१ वर्षीय चुराबहादुर थापालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## समानुपातिकको बन्दसूची सच्याउन एक साता समय

बुटवल। राजनीतिक दलहरूले निर्वाचन आयोगमा बुझाएको समानुपातिकतर्फको बन्दसूची सच्याउन एक साता समय पाउने भएका छन् । निर्वाचन आयोगले पत्रकार सम्मेलन गरेर यस्तो जानकारी दिएको हो।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराई भन्छन्-'कलस्टर नमिलेको अवस्थामा आयोगले यही पुस २० गतेसम्म सम्बन्धित दलहरूलाई सूचित गरिसक्छ । त्यसपछि सम्बन्धित दलको तर्फबाट यही पुसको २१ गतेदेखि २७ गतेसम्म आयोगले बताएअनुसार संशोधन गरेर पेस गर्ने कार्यक्रम हुनेछ।'

दलहरूले यही पुस १३ र १४ गते समानुपातिक सूची बुझाएका थिए । त्यसउपर आयोगले छानबिन गरिरहेको छ । यही पुस २० गतेसम्म आयोगले कानुन बमोजिमको कलस्टर अनुसार दलहरूको बन्दसूचीमा नाम रहे-नरहेको अध्ययन गर्नेछ। अध्ययन पश्चात २० गते नै दलहरूलाई के के मिलेको छैन भनेर पत्राचार गर्ने तालिका छ।

आयोगले कलस्टर मिलाउनुपर्ने भएका सम्बन्धित दलहरूलाई पत्राचार गरेपछि सम्बन्धित दलहरूले यही पुस २७ गतेसम्म संशोधन गर्न समय पाउनेछन्।

उम्मेदवारको बन्दसूचीबाट नाम फिर्ता लिन चाहने उम्मेदवारले पुस २८ गते समय पाउनेछन्। कसैले फिर्ता लिएमा आयोगले त्यसबारेको जानकारी सम्बन्धित दललाई पुस २९ गते दिइनेछ।

उम्मेदवारले नाम फिर्ता लिएको कारण रिक्त हुन आएको स्थानमा सोही समूहको अर्को उम्मेदवारको मनोनयन गरी मनोनित उम्मेदवारको नामावली सम्बन्धित राजनीतिक दलले आयोगमा पेश गर्ने समय पुस ३० गतेका लागि तोकिएको छ। त्यसपछि प्राप्त उम्मेदवारको बन्दसूचीको नामावली प्रकाशन गर्ने कायोगको कार्यतालिका छ।

आयोगको कार्यतालिकाअनुसार आगामी माघ ४ गते उम्मेदवारको बन्दसूचीको नामावली प्रकाशन भएपछि उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको उम्मेदवारको योग्यता सम्बन्धमा दावी विरोध गर्न निवेदन दिन सकिनेछ। यसका लागि माघ ५ गतेदेखि माघ १० गतेसम्मको समय तय गरिएको छ।

माघ ११ गतेदेखि १७ गतेसम्म उम्मेदवारको बन्दसूचीमा समावेश उम्मेदवारको योग्यता सम्बन्धी दाबी विरोधको निवेदन उपर जाँचबुझ गरेर आयोगले निर्णय गर्नेछ।

आयोगको तालिका अनुसार आगामी माघ २० गते बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म उम्मेदवारको बन्दसूची अन्तिम रूपमा प्रकाशन हुनेछ। फागुन २१ गते मतदान हुनेछ।

**अपाङ्गता भएकाको सिट सुनिश्चित गर्न आदेश**

समानुपातिकमा अपाङ्गता भएका व्यक्तिहरूको नाम समावेश गर्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ।

शुक्रबार न्यायाधीश हरिप्रसाद फुयाल र टेकप्रसाद ढुंगानाको इजलासले माधवप्रसाद चम्लागाई समेतले दायर गरेको रिटमा सुनुवाइ गर्दै अपांगता भएका व्यक्तिहरूको प्रतिनिधित्व सुनिश्चित गराउन निर्वाचन आयोगका नाममा अन्तरिक आदेश जारी गरेको हो।

निर्वाचन आयोगले सबै राजनीतिक दलले पेश गरेको उम्मेदवारको बन्द सूचीमा अपांगता भएका व्यक्तिहरूको प्रतिनिधित्व सुनिश्चितता हुने गरी सूची पेश गरे नगरेको छानबिन गरी नगरेको देखिएमा त्यस्तो दललाई उम्मेदवारको बन्द सूची सच्याई अपांगता भएका व्यक्तिहरूको नाम समेत समावेश गर्नु गराउनु भनि अन्तरिम आदेश जारी गरेको छ।

### कांग्रेस महाधिवेशनबारे तीव्र विवाद

# बहुमतद्वारा बैशाख २८–३१ मा गर्ने प्रस्ताव पारित, पुसभित्र विशेष : गगन



**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाली कांग्रेसको केन्द्रीय कार्यसम्पादन समितिको बहुमतले १५औं महाधिवेशन बैशाख २८-३१ गतेसम्म गर्ने प्रस्ताव पारित गरेको छ।

पुस २६-२८ सम्मको महाधिवेशन तालिका प्रभावित भइसकेपछि महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशनको तयारी गरेका थिए। महामन्त्रीहरू विशेषको तयारीमा जुटेपछि कार्यवाहक सभापति खड्काले नयाँ प्रस्ताव पेस गरेका गरेका थिए । खड्काको प्रस्तावमा महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्मा, नेता अर्जुननरसिंह केसी, फर्मुल्ला मन्सुर उमा रेग्मीले फरक मत राखेका छन् ।

बैशाख २८-३१ मा नियमित महाधिवेशन गर्ने प्रस्ताव बहुमतले पारित भएपछि महामन्त्री गगनकुमार थापाले पार्टीमा विशेष महाधिवेशनको व्यवस्था किन राखेको ? भन्दै सभापति शेरबहादुर देउवालाई प्रश्न गरेका छन् ।

पार्टी केन्द्रीय कार्यसमिति बैठकपछि सञ्चारकर्मीसँग कुराकानी गर्ने क्रममा उनले यस्तो बताएका हुन् ।

'अहिलेसम्म मेरो अपेक्षा भनेको पार्टी सभापतिज्यूले पटक-पटक पार्टी फुट्न दिन्नँ, पार्टीलाई अप्ठेरोमा पर्न दिन्नँ, कम्तीमा मेरो जीवनमा पार्टीलाई अप्ठेरोमा पर्न दिन्नँ भन्नुभएको हुनाले, पहिलो कुरा यो विशेष महाधिवेशन उहाँ (शेरबहादुर देउवा) ले नै डाक्नुहुन्छ, केन्द्रले नै डाक्छ,' थापाले भनेका छन्-'नहुँदै गर्दा पनि विशेष महाधिवेशनमा जाने मेरो जिम्मेवारी हो भन्ने विश्वास राखेर मैले बोल्छु। त्यो विश्वासभन्दा पर म जान्नँ ।'

थापाले नियमित महाधिवेशनको मिति बैशाख २८-३१ मा गर्ने प्रस्ताव बहुमतले पारित भए पनि विशेषको कुरा नटुंगिएको बताएका छन् । उनले विधानको धारा १७ (२) अनुसार नै पुस मसान्तभित्र विशेष महाधिवेशन आह्वान गर्ने बताएका हुन् ।

'शुक्रबारको बैठकमा कार्यवाहक सभापतिले कार्यविधि थप्दै महाधिवेशन बैशाखमा गर्ने प्रस्ताव गर्नु भएको छ। धारा ४३ को प्रयोग गरेर प्रस्ताव राख्नु भयो । हामी ४-५ जनाको फरक मत भयो तर, बहुमतले पारित भयो,' उनले भने-'विशेष महाधिवेशन माग गरेर पत्र बुझाएको ३ महिनाभित्र बोलाउन पर्नेछ। पुसको २८-२९ तीन महिनाको अन्तिम म्याद हो।'

मंसिर १५ गतेको केन्द्रीय समितिको बैठकले कम्तीमा ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले माग गरेअनुसार विशेष महाधिवेशन नियमित महाधिवेशन हुने अवस्थामा मात्रै त्यो स्थगित हुने भनिएको, तर नियमित नभए उक्त माग सम्बोधन गर्नुपर्ने अवस्था सुरु हुने थापाको भनाइ छ।

उनले अब विशेष महाधिवेशनबारे निर्णय हुने पनि बताए। 'बैठकमा फरक मत लेख्यौँ, घर गयौँ सुत्यौँ भन्ने होइन। अझै एक दुई दिन हेर्छौं । सभापतिले, कार्यवाहकले शनिबार नै बैठक राखेर विधानको धाराअनुसार विशेष बोलाउनु भयो भने उत्तम हुन्छ,' उनले भने -'हैन थप्यौँ सबै घर जाऔं भन्नुभयो भने यो मान्दैनौँ। यस्तो अवस्थामा मैले विधान १७ को २ को पालना गर्छु, गराउँछु।'

## पार्टी निर्णय नमाने कारबाही : ढुंगाना

बुटवल । नेपाली कांग्रेसका केन्द्रीय अनुशासन विभागका प्रमुख आनन्दप्रसाद ढुंगानाले पार्टीको विशेष महाधिवेशनका बारेमा पार्टी केन्द्रीय समितिले गरेको औपचारिक निर्णयबाहेकका निर्णय मान्य नहुने बताएका छन् ।

नेता ढुंगानाले पार्टीको केन्द्रीय समितिको निर्णयविपरीत गएर पार्टी विधानको उल्लंघन गर्नेहरु जो कोही भए पनि कारबाही गर्न पछि नहट्ने बताएका छन् ।

उनले विशेष महाधिवेशनका नाममा हल बुक गर्नेलगायतका काम भएकोबारे केन्द्रीय अनुशासन समितिमा औपचारिक रुपमा उजुरी नआएकाले कारबाही प्रकृया अघि नबढेको बताए ।

'उजुरी आएमा अनुशासनको प्रचलित मापदण्ड र पार्टी विधानअनुसार कारबाही हुन्छ,' ढुंगानाले भने-'अनुशासन समितिले उजुरी प्राप्त भएमा उजुरी उपर कारबाही गर्ने प्रचलन भएकाले उजुरी नआउँदासम्म के गर्ने भन्ने कुरा भएन, उजुरी आयो भने केन्द्रीय समितिको निर्णयविपरीत गएर पार्टी विधानको उल्लंघन गर्नेहरु जो कोही भए पनि कारबाही हुन्छ।'

### ईशान शर्मा मृत्यु :

# ब्युटीसियनद्वारा सीडीओको ध्यानाकर्षण



भैरहवा । ईशान शर्मा पौडेलको मृत्यु दुर्घटना नभई योजनाबद्ध हत्या भएको दाबी गर्दै ब्युटीपार्लर एसोसिएसन र ब्युटीसियन संघले निष्पक्ष छानबिन र दोषीमाथि कडा कारबाहीको माग गर्दै रूपन्देहीका प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण गराएकी छन् ।

शुक्रबार संघले जिल्ला प्रशासन कार्यालयमा घटनाबारे विस्तृत जानकारी गराउँदै निश्पक्ष अनुसन्धान गर्न आग्रह गरे । मृतकका परिवार र स्थानीयले पनि प्रहरीले घटनास्थलमा प्रमाण मेटाउने गरी हेभी इक्युपमेन्ट प्रयोग गरेको र गाडीले ठक्कर दिएर मृत्यु भएको भने पनि ढक्कन भएको नाली मुनि मृत शरीर कसरी पुग्न सम्भव हुन्छ ? भन्नेलगायतका प्रश्नको चित्तबुझ्दो र पत्यारलाग्दो जवाफ नपाएको गुनासो गरेका छन् ।

ब्युटीपार्लर एसोसिएसन संघ तथा ब्युटीसियन संघका संरक्षक चिनु गुरुङले प्रहरी प्रशासनले सार्वजनिक गरेको प्रारम्भिक विज्ञप्ति बनावटी रहेको आरोप लगाउँदै घटनाको गम्भीर र निष्पक्ष अनुसन्धान हुनुपर्ने बताएकी छिन् । उनले ईशानले अनिवार्य रूपमा न्याय पाउनुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा ब्युटीपार्लर एसोसिएसन गण्डकी प्रदेशकी अध्यक्ष बविता के.सी. कार्कीले ध्यानाकर्षण पत्र सुनाउँदै न्यायको माग गरिन् ।

यस्तै नेपाल ब्युटीसियन संघका केन्द्रीय पूर्व वरिष्ठ उपाध्यक्ष शान्ति शर्माले ईशान शर्मा पौडेल घटनाको निष्पक्ष अनुसन्धान र दोषीमाथि कडा सजायको माग गरिन् । संघले अनुसन्धानको प्रगति नियमित रूपमा सार्वजनिक गर्न माग गर्दै न्याय ढिलो हुनु भनेको न्याय नहुनु हो भन्दै उनले ईशानलाई न्याय नपाएसम्म आवाज नरोकिने बताइन् ।

ईशान शर्मा पौडेल स्थानीय बुद्धदीप बोर्डिङ् स्कुलमा कक्षा ११ मा अध्ययनरत थिए । उनी तेक्वाण्दो खेलाडी मात्र नभई प्रशिक्षकसमेत थिए ।

घटनाबारे प्रमुख जिल्ला अधिकारी माधवप्रसाद पोखरेलले पारदर्शी छानबिन भइरहेको दाबी गरे । उनले यस विषयलाई प्रशासनले गम्भीर रूपमा लिएको उल्लेख गर्दै अनुसन्धानमा सबैको सहयोग आवश्यक रहेको बताए।

» बाँकी ३ पेजमा



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
# पाहुर
तपाईंका लागि...
२०८२ पौष १९ गते, शनिबार

**बिट्विन द लाइन्स...**

रुन्चे हाँसो हाँस्दै आयो बूढो नव वर्ष
सधैं रुनेलाई कुनै बिस्मात न हर्ष

– मनु ब्राजाकी

पुस्तक चर्चा

# कवि नारद गौतमको 'शब्दका छर्रा' सर्सर्ती पढ्दा



प्रा.डा.हिरण्यलाल ज्ञवाली




वि.स.२०११ साल श्रावण २४ गते पिता जीवलाल गौतम र माता केशवकुमारी गौतमका सुपुत्रका रूपमा गुल्मी जिल्लाअन्तर्गत रूरूक्षेत्र-४ बलेटक्सार, चौतारामा जन्मी हाल तिलोत्तमा न.पा. रूपन्देहीमा बसोवास गर्नुहुने नारद गौतम बाल्यकालदेखि नै साहित्यसिर्जनामा लाग्नुभएको हो । प्रारम्भिक शिक्षा घरमै लिई भारतको ऋषिकेशबाट एसईई सरहको पूर्वमध्यमा र कक्षा १२ सरहको उत्तरमध्यमा पूरा गर्नुभएका उहाँले नेपाल संस्कृत विश्वविद्यालयबाट संस्कृत साहित्यमा स्नातक तहको अध्ययन पूरा गर्नुभएको छ। लामो समयसम्म शिक्षण पेसामा संलग्न रही हाल सेवानिवृत्त हुनुभएका गौतम अद्यावधि साहित्यसिर्जनामा सक्रिय देखिनुहुन्छ । उहाँ नेपाली साहित्यको आधुनिक कालका वरिष्ठ छन्दकविका रूपमा सुपरिचित हुनुहुन्छ । वि.स. २०२८ मा फुटकर कविता प्रकाशन गरी औपचारिक रूपमा साहित्यिक यात्राको आरम्भ गर्नुभएका गौतमको प्रथम पुस्तकाकार कृति 'रमा' शोककाव्य (२०५१) हो । साहित्य-सिर्जनामा निरन्तर संलग्न उहाँको गीत तथा सङ्गीतका क्षेत्रमा समेत उत्तिकै रूचि रहेको पाइन्छ । उहाँद्वारा सिर्जित गुल्मीगान निकै लोकप्रिय छ जसको स्वरबद्ध र छायाङ्कनसमेत गरिएको छ । त्यसका अतिरिक्त उहाँको 'हेर सगरमाथा' बोलको गीत पनि स्वरबद्ध तथा छायाङ्कन गरिएको छ। जीवन-यात्राका सातदशक र साहित्यिक-यात्राका साढे पाँचदशक पार गरिसक्नुएका कवि नारद गौतमका पुस्तकाकार कृतिको सङ्ख्या न्यून भए पनि उहाँका कृतितुल्य फुटकर रचना प्रशस्त छन् ।

संस्कृत भाषा, व्याकरण, साहित्य आदिको अध्ययन गर्नुभएका गौतमका सिर्जनामा पूर्वीय दर्शनको प्रभाव परेको पाइन्छ । विशेषतः उहाँ संस्कृत साहित्यका महाकवि कालिदासका साथै भारवि, माघ आदिबाट प्रभावित देखिनुहुन्छ । वैचारिक भावधाराका दृष्टिले स्वच्छन्दतावादी कविका रूपमा चिनिने कवि गौतम शैलीका दृष्टिले परिष्कारवादी धाराका कवि मानिनु हुन्छ।

विगत साढेपाँच दशकभन्दा लामो समयदेखि अविश्रान्त साधनारत भई नेपाली भाषा र साहित्यको क्षेत्रमा योगदान पुऱ्याएबापत उहाँ विभिन्न साहित्यिक तथा सामाजिक संस्थाहरूद्वारा पुरस्कृत तथा सम्मानित हुनुभएको छ । प्रलेस नेपाल, अलिमियाँ लोकसाहित्य प्रतिष्ठान, किरण पुस्तकालय, लोकवार्ता परिषद्, लुम्बिनी वाङ्मय प्रतिष्ठान रुपन्देही, बुल्डेक गुल्मी, जनता क्याम्पस दाङ, संस्कृत मा.वि. रिडी, आदर्श मा.वि. दिगाम, नेपाली छात्रसङ्घ ऋषिकेश, आदि सङ्घ-संस्थाहरूबाट पुरस्कृत तथा सम्मानित गौतम किरण पुस्तकालय, तम्घासबाट प्रदान गरिने जानकीदेवी साहित्य पुरस्कारबाट र नव जागृति पुस्तकालयद्वारा स्थापित राष्ट्रकवि माधवप्रसाद घिमिरे साहित्य पुरस्कार-२०८० बाट समेत पुरस्कृत तथा सम्मानित हुनुभएको छ । यी पुरस्कारका अतिरिक्त उहाँले अन्य विभिन्न पुरस्कार तथा सम्मान प्राप्त गर्नुभएको छ।

कवि नारद गौतमको हालै प्रकाशित कवितासङ्ग्रह 'शब्दका छर्रा' लोकार्पित हुनुपूर्व यो लेख लेखिंदैछ। यसमा उक्त कृतिको सङ्क्षिप्त परिचय मात्र दिइएकाले यसलाई समीक्षात्मक नभएर कृतिपरिचात्मक लेख भन्दा उपयुक्त होला। प्रस्तुत कृतिको नाम 'शब्दका छर्रा' दुई शब्दले बनेको छ जो प्रतीकात्मक तथा आकर्षक देखिन्छ। 'शब्दका' भेदक विशेषण हो भने 'छर्रा' विशेष्य (नाम) हो। छर्रा भन्नाले बन्दुक पड्कँदा छरिने बारुद वा काँचका स-साना टुक्रा भन्ने बुझिन्छ। त्यस्तै बगरको बालुवा तथा ढुङ्गा पिंधेर बनाइएका ससाना कणहरूलाई पनि छर्रा भनिन्छ। जुनसुकै अर्थमा पनि यसको नाम सार्थक देखिएता पनि यसमा सङ्गृहीत अधिकांश कविताहरूको अध्ययन गर्दा पहिलो अर्थ बढी उपयुक्त देखिन्छ। प्रस्तुत सङ्ग्रहमा सामाजिक, धार्मिक र उत्तरापेक्षी गरी तीन खण्ड रहेका छन्। सामाजिक खण्डअन्तर्गत ८१ वटा कविता र धार्मिकअन्तर्गत २८ गरी यसमा जम्मा १०९ शीर्षकका कविता रहेका छन् भने उत्तरापेक्षी खण्डको पहिलो चरणमा १४ र दोस्रो चरणमा २८ गरी जम्मा ४२ वटा पद्य रहेका छन्।

विषयका दृष्टिले यसमा सामाजिक, धार्मिक, विषयका कविता सङ्गृहीत छन् । सामाजिक विषयअन्तर्गत नेपाली संस्कृति, प्रकृति, राजनीति, राष्ट्र, राष्ट्रियता, देशप्रेम, नैतिकता, मानवता, शिक्षक, विद्यार्थी, दर्शन, धनको महत्त्व, शिक्षाको महत्त्व, गुरुभक्ति, नारीशक्ति, मातापिताप्रतिको भक्ति आदि अनेक कुरा समेटिएका छन्। यसमा सङ्गृहीत अधिकांश कविता नैतिक सन्देशमूलक रहेका छन्। धार्मिक विषयअन्तर्गत स्नान, तुलसी, बेलपत्र, अमलाको वृक्ष, देवी-देवता, परम्परागत मूल्य र मान्यता, शुद्ध आहार र विहार, श्राद्धकर्म, षष्ठीपूजा, षष्ठीदेवी, गौमाता, कालीगण्डकी, स्मृतिवचन आदि विषय र शीर्षकका कविताहरू समाविष्ट छन्। त्यस्तै उत्तरापेक्षी शीर्षकको तेस्रो खण्डअन्तर्गत ४२ वटा प्रश्नात्मक श्लोक रहेका छन्। ती श्लोकले पाठक तथा श्रोताबाट उत्तरको अपेक्षा गरेका छन्। पाठक वा श्रोताले पहिल्याउन सकेमा कतिपय प्रश्नको उत्तर सम्बद्ध श्लोकमा नै अन्तर्निहित रहेको बुझिन्छ। नेपाली लोकसाहित्यअन्तर्गत पर्ने यस्तै प्रकृतिका श्लोकलाई अड्को थाप्ने, सिलोक, कवित्त कूटपद्य, प्रहेलिका आदि नाम दिएको पनि पाइन्छ। पहिले पहिले कतिपय ठाउँमा बिहेका अवसरमा वरपक्षबाट बेहुलीपक्षका घरमा जन्ती पुगेपछि वरपक्ष र बधूपक्षका बिच यस्तै श्लोक भनेर बौद्धिकताको परीक्षण हुने गर्थ्यो। यसलाई शास्त्रीय बहस वा शास्त्रार्थको संज्ञा पनि दिने गरिन्छ।

लयका दृष्टिले हेर्दा यसमा सङ्गृहीत सम्पूर्ण कविता लयबद्ध देखिन्छन्। यस सङ्ग्रहका तीनवटा कविता गीति लयका छन् भने बाँकी सम्पूर्ण कविता शास्त्रीय छन्दमा रचिएका छन् जसअन्तर्गत शार्दूलविक्रीडित छन्दका ६९, अनुष्टुप् छन्दका १०, वसन्ततिलका छन्दका ९, उपेन्द्रवज्रा छन्दका ५ र इन्द्रवज्रा छन्दका ४ वटा कविता रहेका छन्। त्यस्तै मन्दाक्रान्ता, उपजाति र वंशस्थ छन्दका दुई दुई वटा कविता रहेका छन् भने स्रग्धरा, शिखरिणी र द्रुतविलम्बित छन्दका एक एक वटा कविता समाविष्ट छन्। यसमा सङ्गृहीत चन्द्र-सूर्यसंवाद, गुल्मीगान र देवप्रार्थना नामक तीनवटा कविता गीति लयमा आबद्ध देखिन्छन्। उत्तरापेक्षी खण्डका ४२ श्लोकमध्ये ४१ वटा श्लोक शार्दूलविक्रीडित छन्दमा र एउटा श्लोक वसन्ततिलका छन्दमा रचिएको पाइन्छ।

यसमा सबभन्दा लामो कविता हाम्रो पुरुषार्थको पुरुषार्थ हो जो १० श्लोकमा रचिएको छ। त्यस्तै दोस्रो लामो कविता 'सरस्वतीको सराप लक्ष्मीलाई' हो। उक्त कविता ७ श्लोकमा रचिएको छ। यी कविताका अतिरिक्त अन्य सबै कविता छश्लोकी छन्। यसमा रहेका अधिकांश कविताका माध्यमबाट कविले सामाजिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, भाषिक, साहित्यिक आदि क्षेत्रमा देखिएका विकृतिमाथि शब्दका छर्रा प्रहार गरेर सम्बद्ध व्यक्तिलाई सचेत गराएका छन्। ती छर्रा घातक होइनन् सचेतक हुन्। कतै भ्रष्ट तथा बेइमान नेता र शासकलाई शब्दका छर्राले हिर्काउँदै सही बाटामा लाग्नका लागि पथ प्रदर्शन गरेका छन् भने कतै मानवताको गुणगान गरेका छन्।

अलङ्कारप्रयोगका दृष्टिले पनि यो कृति निकै महत्त्वपूर्ण देखिन्छ। यसमा विभिन्न प्रकारका शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग गरिएको छ; सबै कवितामा अन्त्यानुप्रास मिलेको पाइन्छ । कतिपय शब्दालङ्कार प्रयोग सचेततापूर्वक गरिएको छ। यसरी अनेक अलङ्कारहरूद्वारा सुसज्जित यो कृति थरीथरीका रसले भरिएको छ।

प्रायः छन्दमा कविता लेख्ने अधिकांश कविले छन्द मिलाउनका लागि व्याकरणको नियमलाई लत्याउने, अनावश्यक शब्दको प्रयोग गर्ने गरेको पाइन्छ। यो कृति पढ्दा कवि नारदजी त्यस रोगबाट धेरै मात्रामा मुक्त भएको बुझिन्छ । यसमा समाविष्ट कतिपय कविताहरू विद्यालयीय अध्ययन गरिरहेका विद्यार्थीहरूका लागि उपयोगी हुने खालका छन् भने कतिपय कविता वयष्कहरूका लागि र कतिपय कविता जीवनको उत्तरार्धमा पुगेका वा सेवाबाट अवकाशप्राप्त जीवन यापन गरिरहेका व्यक्तिहरूलाई लक्षित गरी लेखिएका छन्। राजनीतिक, प्रशासनिक, आर्थिक आदि क्षेत्रमा संलग्न विशेष जिम्मेवारी वहन गरिरहेका व्यक्तिहरूले यो कृति पढ्नुपर्ने र यसमा लेखिएका कुरालाई आत्मसात् गरी आ-आफ्ना कमीकमजोरीहरूलाई सच्याउनुपर्ने देखिन्छ । यसरी यसमा समाविष्ट कविता हरेक क्षेत्र र उमेरसमूहका लागि उपयोगी छन्; पठनीय छन्। कतिपय ठाउँमा गुल्मीतिर बोलिने स्थानीय भाषिकाको प्रयोग भए तापनि अन्य क्षेत्रका पाठकहरूका लागि यसमा सङ्गृहीत कविता दुर्बोध्य देखिदैनन्। प्रस्तुत कतिको नाम सार्थक र उपयुक्त भएजस्तै डा.नेत्रप्रसाद न्यौपानेद्वारा लेखिएको 'शब्दका छर्रा' कवितासङ्ग्रहमाथि समीक्षात्मक भूमिका नाम दिइएको भूमिका पनि नामअनुरूप सार्थक र उपयुक्त देखिन्छ जसअन्तर्गत यसको साङ्गोपाङ्ग समीक्षा गरिएको छ।

लेखन, टङ्कण र मुद्रणका क्रममा कतैकतै स-साना त्रुटि भए तापनि ती त्रुटि नगण्य मानिन्छन्। त्यो स्वाभाविक पनि हो। भनिएको पनि छ :

गच्छतः स्खलनं क्वापि भवत्येव प्रमादतः
हसन्ति दुर्जनास्तत्र समादधति सज्जनाः ।
अर्थात्
हिंड्दा हिंड्दै कुनै यात्री लड्न सक्छ कतै कहीं
दिन्छन् सज्जनले साथ हाँस्छन् दुष्टहरू त्यहीं ।

यसै सन्दर्भमा प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत (पृष्ठसङ्ख्या ८० मा रहेको) 'साहित्यविधा र मूल्याङ्कन' शीर्षक कविता निकै मननीय देखिन्छ। त्यसका केही अंश यस प्रकार रहेका छन् :

छन् साहित्यविधा विभिन्न, रुचिमा व्यक्तिन्छ त्यो सिर्जनमा
शैली हुन्छ पृथक् पृथक् स्वविधिमा जन्मन्छ त्यो साधना
त्यस्को भाव र सीप-शब्द सतही जान्दैन त्यस्तै बस्यो
केलाएन नि भिन्नता र क्षमता यो रोग यस्मा पस्यो ।

साहित्यको मूल्याङ्कनमा हुने गम्भीर त्रुटिलाई तलका पङ्क्तिमा देखाइएको छ :

टप्क्यो एक चिनिन्न व्यक्ति, रचना राम्रो छ उत्कृष्ट छ
त्यस्मा घात हुँदो रहेछ बुझियो श्रोता त आकृष्ट छ।
राम्रो होइन हाम्रा मान्छेको रचनालाई पुरस्कृत गर्ने कुप्रवत्तिलाई यसमा यसरी प्रस्तुत गरिएको छ :

लाग्यो रोग छ भेदभाव अहिले गर्दिन्छ दाँज्ने जन
आफन्ती र बसाउठी निकटका भेटे खुलायो मन
आफ्नो हैन समूहको यदि भने त्यो निम्नमा पर्दियो
खुम्च्याए यसरी अनेक प्रतिभा गर्ने यसै गर्दियो ।

अयोग्य व्यक्ति मूल्याङ्कन हुँदाको परिणतिलाई यसरी देखाइएको छ :

जेमा दख्खल छैन हेर्न त्यसमा आउन्न है अक्कल
छन् मूल्याङ्कनमा त्यसै किसिमका आफै छ त्यो दुर्बल
जे हेर्ने छ विधा त्यता छ रचना गर्ने भने जान्दछ
जस्को छैन त्यता बुता पहुँच नै सामान्य त्यो मान्दछ।

यसको अन्त्यमा तलाका श्लोकमा छन्दोबद्ध कविताको महत्त्व दर्साउँदै त्यसको र अन्य विधाको मूल्याङ्कनकर्ता बनाउँदा कुरामा विशेष सजगता अपनाउन लागि आग्रह गरिएको छ :

बाँच्छन् भावक छन्दमा छ रचना बुझ्दैन सामान्यले
जस्मा मिल्दछ छन्दशिल्प त्यसले तौलन्छ सामर्थ्यले
त्यस्तै हो नि सबै विधा गहिरिई होओस् न मूल्याङ्कन
होला मित्र परन्तु छैन क्षमता त्यस्मा नराखौं जन ।

यसै कवितालाई ध्यानमा राखी यहाँ प्रस्तुत कृतिको समीक्षण गर्दा विशेष सतर्कता अपनाइएको छ।

मथुरा गौतमद्वारा प्रकाशन अभिभारा वहन गरिएको सुन्दर आवरण र कलेवरमा सजिएको, बाह्य आवरणबाहेक १७६ पृष्ठ रहेको यस कृतिको मूल्य रु. ४००/०० रहेको छ। यसमा उल्लेख गरिएका कुराहरू जीवनोपयोगी, ज्ञानवर्धक र मननीय छन्। त्यसैले यो कृति पठनीय र सङ्ग्रहणीय छ। समष्टिमा समकालीन नेपाली साहित्यका छन्दोबद्ध कविता-सङ्ग्रहमध्ये यस कृतिले अग्रणी स्थान पाउने कुरामा विश्वस्त हुन सकिन्छ।

आजभन्दा ३१ वर्षअघि 'रमा'नामक बाल शोककाव्य प्रकाशन गरिसक्नुभएका नारद गौतमजीले ३१ वर्षपछि मात्र यो कृति प्रकाशन गरे पनि भविष्यमा उहाँबाट साहित्यिक कृतिहरू धमाधम प्रकाशन भइरहनेछन्, अब त्यस्तो विलम्ब हुनेछैन, यही विश्वासका साथ अन्त्यमा यो कवितात्मक समीक्षा प्रस्तुत गरी बिदा हुन्छु :

कवि नारदको नौलो कृति हात पऱ्यो जसै
अत्यन्त रूचिका साथ पढिहालें खुसी हुँदै
पढ्दा पढ्दै अरू सारा काम मैले भुलें सबै
समीक्षात्मक मन्तव्य पद्यमा यी दिंदैछु है ।
कविले शब्दका छर्रा बर्साई सृष्टि गर्दछन्
सुतेका जनतालाई जुरुक्क उठ भन्दछन्
रोमरोम खडा हुन्छ यी छर्रा पढियो भने
मन-मस्तिष्कमा झट्का दिन्छ वर्षा भयो भने ।
छर्रामा देख्न पाइन्छ कतै पूर्वीय दर्शन
कविबाट भएको छ यहाँ राष्ट्रिय चिन्तन
यहाँ प्रकृति पाइन्छ यहीं नै धर्म-संस्कृति
कविले गर्दछन् चिन्ता देखी सर्वत्र विकृति ।
कूटपद्य यहाँ पाएँ मथिङ्गल खियाउने
तीखो व्यङ्ग्य यसैमा छ भ्रष्टलाई रुवाउने
बन्दुकबाट निस्केका छर्रा बारुदका नयाँ
प्रहार गरिएको छ सिधै लक्षित ठाउँमा ।
सिङ्गो समाजको रूप छ सामाजिक खण्डमा
धर्म-संस्कृति देखिन्छ दोस्रो धार्मिक खण्डमा
कूटपद्यहरूद्वारा तेस्रो खण्ड छ सज्जित
गरिएर यहाँ प्रश्न छ उत्तर प्रतीक्षित ।
रस-भाव-अलङ्कार शब्दशक्ति समन्वित
विचार कल्पनायुक्त भाषा-शैली परिष्कृत
बधाई छ बधाईका साथमा शुभकामना
यसरी नै यहाँबाट आऊन् कृति नयाँनयाँ ।
प्रेरणास्रोत हे मेरा कवि नारद गौतम !
यो समीक्षा यहाँलाई गरें मैले समर्पण ।

## कविता

### अवसरवादी



सुनिता प्रतिबिम्ब

रिसले
आगो बनेर
परिवर्तन हुने भए
छितर वितर सम्हालिने भए
क्रोधले, आवेगले
दन्किएर
अवसरवादी बनेर
छोपेर अवसर
छुस्स छुस्स
यता र उता
दन्किएको दाउराको
खरानीसँग सपना सजाउँदै
तापले रापिएको
आगो ताप्दै हिंड्ने थिए म
यता आगो बल्दा यता
उता आगो बल्दा उतै
खोक्रो विजयीको लागि
फैलाएर हात
आस्थालाई निमिट्यान्न पारेर
अवसरवादी बन्ने थिए !

### नव वर्ष

महेश मास्के

घामको प्रथम किरणसँगै
नव वर्ष
सबभन्दा पहिले तिमी त्यहाँ जानू
जहाँ मनहरू थाकेका छन् जाडो यामभरि पत्र
पत्र हिउँ झैँ जमेका निराशाहरूले
जहाँ आस्थाको छानु ढाकेका छन्
भित्र कतै संघर्षको जोश कठ्यांग्निएको होला
राम्रोसँग हेर्नू कतै अठोटले हरेस खाएको
होला अर्थ नपाएर उद्देश्यले बाटो
विराएको छ कि ?
तिमी एकछिन बस्नू त्यहाँ र
मनहरूका सुख दुःखका कुरा सुनिदिनू
एकछिन सेक्न सकून् तिम्रो न्यानोमा
आस्था र जोशहरूले
आफ्ना चिसिएका हात खुट्टाहरू
अठोटले देख्न सकोस्
वसन्तको उमंग समेटेर भर्खरै टुसाउँदै गरेका
पालुवाहरू र उद्देश्यलाई सम्झाउनू परिवर्तनको
निरन्तरतासँग जुडेको जीवनको अर्थ !
अन्धकारको हैकम अझै जारी नै छ यो
बस्तीमा त्यसैले
बिहानी पखको सन्देश लिएर नव वर्ष,
सबभन्दा पहिले तिमी त्यहाँ जानू
जहाँ मनहरू थाकेका छन् ।

दर्शन संवाद

# सुकरात र सोफिस्ट सम्प्रदाय

विष्णु अधिकारी

सुकरातभन्दा पहिलेका विद्वानहरूले एउटा बाटो तयार पारे। केही विद्वान्ले वैज्ञानिक सोच अगाडि सारे भने कसैले छलफलकै क्रममा राम्रै खाले तर्क अगाडि सारे। त्यस बखतको संसारअनुसार त्यस बखतको चिन्तन प्रकृतिकै अध्ययनमा बढी केन्द्रित हुनु स्वाभाविकै थियो। सबैजसोले ईश्वर, यो संसार र यहाँको प्राणीजगत्बारे आआफ्नै पाराले बुझाउने प्रयास गरे। यो सारा संसारमा यत्रा प्राणीहरू कहाँबाट कुरा के उत्पन्न भए ? यति धेरै बोटबिरुवा कहाँबाट आए? आकाशभरि जगमगाउने होलान् ? यस्ता रहस्यका अनन्त कुराहरूले अलमल्याउनु स्वाभाविक थियो। त्यसैले त्यस्ता अनौठा कुराबारे स्पष्ट पार्ने प्रयास गरे त्यस बखतका दार्शनिकहरूले।

यसरी सुकरातसम्म आइपुग्यो युनानी दर्शन। यहाँसम्म आइपुग्दा युनानी दर्शन अन्धविश्वासतर्फ बढी ढल्कियो कि ? त्यसैले त सुकरात सत्यतथ्यको खोजमा लागिपरेका हुन् कि ? अन्धविश्वास धेरै प्रकारका हुन सक्छन्। अहिले पनि कोही बिरामी हुँदा भूतप्रेत लागेको विश्वास गरिन्छ। भूतप्रेत मन्छी पहेँलो अक्षता दोबाटोमा लगेर राखिन्छ। समाजमा यस्तो विश्वास अझै हटेको छैन। कुनै बेला देवता लागेको विश्वास गरिन्छ। त्यसका लागि अर्थात् देवतालाई खुसी पार्न भाकल गरिन्छ। पूजा, प्रार्थना, सबै खाले उपाय अपनाइन्छ। काठमाडौँको मानिस मनकामना माईको पूजा गर्न गोरखा पुग्छ भने गोरखाको एउटा बालक बिरामी भयो भने काठमाडौँ ल्याएर त्यस्तै धामीझाँक्रीलाई देखाइन्छ। उसले स्वयम्भू लागेको भन्यो भने त्यसैतर्फ पूजा गर्न दगुर्छन्। आपत्विपत्मा परेकाले यसबारे सोच्ने सम्भावना कमै हुन्छ, तर समाजका विद्वान्, बुद्धिजीविले सोच्नुपर्ने कुरा हो। उनीहरूले पनि चासो लिएको देखिन्न। अहिलेको एक्काइसौँ सदीको वैज्ञानिक सभ्यताले सजिएको संसारमा त यस्तो छ भने त्यस बखतको सभ्यताको मिर्मिरेमा समाज कस्तो थियो होला त ? हामी सहजै अनुमान गर्न सक्छौं। खडेरी पर्दा देवताको पूजा गरेर पानी माग्ने, कुनै काम सफल होओस् भनी कुनै देवताको पूजा गर्ने, भाकल गर्नेजस्ता कुरा अहिले पनि चलिरहेका छन्। त्यस बखतमा यस्ता कुरा नहुने भन्ने त कुरै भएन।

अहिले पनि भगवान् नरिसाऊन्, दुर्घटना नहोओस् भनी मोटर, हवाईजहाज आदिको इन्जिन पूजा गर्ने चलन चलेको छ। त्यसमा पनि एउटा अबोध सुधो प्राणी भेडा, च्याङ्ग्रा, बोका, हाँस, कुखुरा आदिको बलि दिइन्छ। अब बुझ्नोस् त, कति अन्धविश्वासी छ हाम्रो संसार ? अहिले त यस्तो छ भने त्यस बखतको कुरा किन गर्ने ? यस्तै कुराले सताएको हुनुपर्छ एउटा तार्किक विद्वान् सुकरातलाई। त्यसैले उनले सत्यतथ्यको कुरा उठाएको हुनुपर्छ। "सकभर प्रमाणका आधारमा विश्वास गर्नुपर्छ। कहिलेकाहीं तर्कका आधारमा पनि विश्वास गर्नुपर्छ, तर लहैलहैमा विश्वास गर्नु मूर्खता हो।"-यसरी सम्झाउने प्रयास गरे सुकरातले।

सुकरातको समय छलफलकै समय थियो। उनको समयमा सोफिस्टहरूको बोलवाला थियो। यी सोफिस्टहरू एसिया माइनरबाट युनान प्रवेश गरेका घुमन्तेहरू हुन्। यिनीहरूलाई त्यस बखतका धर्मगुरु मानिन्थ्यो। यिनीहरू पढाउनेसिकाउने काममा खटिन्थे। पढाउँदाबुझाउँदा छलफल विधि प्रयोग गर्थे। खासै सिद्धान्तवादी त थिएनन् तर आफ्ना कुरा माथि पार्न खप्पिस भनी चिनिएका थिए। 'प्रकृति नै ईश्वर हो त ?, 'कलम ठूलो कि तरबार ?' आदिजस्ता विषयमा आफ्ना चेलाहरूलाई एउटा पक्षमा रोजेर बोल्न लगाउँथे। आफू भने त्यसको विपक्षमा अर्थात् उनीहरूले भनेको कुराको खण्डन गर्दै उनीहरूसमक्ष अड्को थाप्थे। यसरी वादविवाद अर्थात् छलफल विधिबाट नै आफ्ना चेलाहरूलाई चलाख बनाउँथे। सुकरातले यिनै सोफिस्टहरूसँग बहस गर्न सुरु गरेको भन्ने उल्लेख भएको छ। यिनीहरूसँग शास्त्रार्थ गर्न थालेपछि उनी समाजमा चिनिए।

सुकरातको सोच अलि अनौठो देखियो। कुनै कुरा सत्य छ भन्ने लाग्छ भने मात्र त्यसलाई जनतासमक्ष ल्याउनुपर्छ, होइन भने त्यस्ता कुरा फिँजाउनु हुँदैन भनी आफ्नो भनाइ राख्न थाले। यस्तै सत्य आग्रहकै कारण त्यस बखतका केही विद्वान्, बुद्धिमान्, जिज्ञासुहरू उनको पछि लाग्न थाले। त्यस्तै व्यक्तिहरूमा पर्छन् प्लेटो र जेनोफेन। यी दुवैले सुकरातलाई चिनाएका हुन्। सुकरातको चिन्तनलाई बचाउने काम पनि यी दुवैबाट भएको हो। तर त्यस बखत प्रचलनमा आएको अन्धविश्वासमा आधारित धार्मिक सोचको विपक्षका कुरा सुन्न नचाहनेहरू भने उनको कट्टर विरोधी बने। अर्कातर्फ पद र प्रतिष्ठाको स्वार्थमा लागेकाहरू पनि उनको विरोधमै उभिए। यो स्वाभाविक प्रक्रिया नै हो।

त्यस बखत सोफिस्ट भन्नुको अर्थ बुद्धिमान् भन्ने बुझिँदो रहेछ। यी सोफिस्टसँग कुरा नमिलेकाले सुकरातले आफूलाई सोफिस्ट नभन्न आग्रह गरेको बुझिन्छ। उनले आफूलाई दार्शनिक नभन्न आग्रह गरेको बुझिन्छ। उनले आफूलाई दार्शनिक भन्नरुचाए। यद्यपि उनलाई कुनै दर्जाको चासो भएको भने देखिन्न। सबैले उनलाई सोफिस्टकै दर्जा दिन थालेपछि त्यसबाट अलग हुन खोजेको देखिन्छ। उनी आफूलाई न त विद्वान् मान्थे न बुद्धिमान् नै। उनी त आफूलाई एउटा जिज्ञासुका रूपमा मात्र राख्न चाहन्थे।

त्यस बखत सोफिस्टमा पनि दुई सम्प्रदाय खडा भएको देखिन्छ। यसमा दुई जनाकै नाम विशेष रूपमा उल्लेख भएको छ। यसमा पहिला विद्वान् हुन् प्रोटोगोरस (४८०-४११ इ. पू.) र अर्का विद्वान् हुन् जर्जियस (४११ इ. पू.)।

सोफिस्टहरू खासै सिद्धान्तवादी नदेखिए पनि यी दुई विद्वानले भने आफ्नो सोच प्रस्तुत गरे। त्यसैले यी दुईको नाम चिन्तनलाई अगाडि बढाउनेका रूपमा लिइएको हो। "मनुष्य नै सबै कुराको मूल्य निर्धारक हो। यहाँ अर्थात् पृथिवीमा जेजे छन् ती सबै कुरा आफ्नै उपयोगका लागि निर्धारण गर्छ। जे छैन, बुझिँदैन त्यसबारे पनि आफ्नै भलाइका लागि व्याख्या गर्छ।" यसरी मान्छेलाई चित्रेचिनाउने प्रयास गरेका छन् प्रोटोगोरसले। यसरी मान्छेको वास्तविक चित्र उतार्ने प्रयास गरेका छन्, प्रोटोगोरसले।

हुन पनि मान्छे स्वार्थी प्राणी हो। ऊ आफूलाई जसरी फाइदा हुन्छ त्यसरी नै व्याख्या गर्छ। मान्छे नै देवीले बलि मागेको कुरा गर्छ। देवीको नाममा अबोध प्राणी चढाउँछ। अनि देवीको प्रसाद भनेर मासुभात भकुर्छ। सबै कुरा आफ्नै अनुकूल हुने गरी व्याख्या गर्छ। ऊ एउटा बोको जङ्गलमा छाड्न चाहन्न। किन छाड्ने त्यसरी ? देवीको नाममा बाघले खायो भने ? उसलाई कत्रो पीर! यो संसारमा भएका अरू प्राणीका बारेमा त वास्तै गर्दैन। यो स्वभावमा केही परिवर्तन कतै देखिएला हजारौँ वर्षपछि। नत्र मान्छे स्वार्थको संसारमा हिजो जस्तो थियो, आज पनि उस्तै छ र भोलि पनि उस्तै रहन्छ। केही तौरतरिका मात्र फरक पर्ने हो। यसरी मान्छेलाई बुझेर मानवतर्फ मोड्न खोजे प्रोटोगोरसले। अर्थात् हाम्रो चिन्तन र सोच आफैँलाई हेर्नेतर्फ लागे कसो होला ? यही कुरा उठाए प्रोटोगोरसले।

दर्शनको केन्द्रविन्दु मानिस नै हो। मानिसले मानिसलाई नै पढ्नुपर्छ। मानिसले मानिसलाई नै बुझ्नुपर्छ। यही हो संसार। म जे बुझ्छु, मेरा लागि त्यही ठीक। मेरो साथीले जे बुझ्छ, उसका लागि त्यही ठीक। अर्थात् एउटाको बुझाइ अर्काका लागि ठ्याक्कै मिल्नुपर्छ भन्ने केही छैन। यो संसार यस्तै हो। यहाँ जसले जे बुझ्छ त्यही ठीक हो। 'कुण्डकुण्ड पानी, मुण्डमुण्ड बुद्धि' भन्ने उखान चरितार्थ गरेका छन्, प्रोटोगोरसले। प्रोटोगोरस इन्द्रियवादी थिए। उनले बुद्धिलाई भन्दा इन्द्रियलाई बढी महत्त्व दिएका छन्। बुद्धिको तर्कवितर्कमा लाग्नुभन्दा इन्द्रियहरू नाक, कान, आँखा आदिलेजे बताउँछन् त्यही साँचो हो। बुद्धिको तर्कविर्तकमा फसेर नचाहिँदो बहसमा समय खेर फाल्नु राम्रो होइन। इन्द्रियद्वारा जानिने प्रत्यक्ष प्रमाण नै महत्त्वपूर्ण कुरा हो भनी उनले मानेका छन्। त्यसैले उनलाई प्रकृतिवादी चिन्तक भनी मनिएको हो। यता जर्जियसले भने इन्द्रियको साये बुद्धिलाई पनि अगाडि सारे। उनको विचारमा इन्द्रियद्वारा जानिने कुराभन्दा बुद्धिद्वारा बुझिने कुरा महत्त्वपूर्ण हो भन्ने रह्यो। इन्द्रियद्वारा जानिने सत्यलाई स्वीकार गर्दै बुद्धिको सहयोगले त्यसको व्याख्या हुनुपर्छ भनी बताए। यसरी त्यस बखतका सोफिस्टहरू पनि दुई धारमा विभाजित भएको देखिन्छ।

सोफिस्ट सम्प्रदायले खासै नयाँ कुरा नगरेको अनुभव विद्वानहरूले गरेका छन्। तर पनि उनीहरूको उपस्थितिलाई नकारिएको छैन। सोफिस्टहरूले साधारण छलफल भए पनि त्यसलाई जारी राखे। उनीहरूकै कारण चहलपहल बढी नै रह्यो। सुकरातजस्ता महासन्तलाई पनि यिनीहरूसँग बहस गर्न र सत्यतथ्य के हो त्यसबारे कुरा उठाउन सजिलो भयो। त्यसैले सोफिस्टहरूलाई जागरणको प्रतीक मानिन्छ।

सुकरात अनौठो स्वभावका थिए। उनी खाली खुट्टा हिँड्थे। मैला लुगा लगाउँथे। समाजमा मै हुँ भन्नेहरूसमक्ष अनौठा प्रश्नहरू तेर्स्याउँथे। सुख कहाँ छ? आदर्श प्रजातन्त्र भनेको कस्तो प्रजातन्त्र हो ? कस्तालाई देवता मान्ने ? अमरत्वको आधार के हो ? यस्तै खाले प्रश्नहरू गरेर मानिसलाई हैरान पार्थे। आफूलाई अज्ञानी जिज्ञासु मान्थे। तर समाजका मै हुँ भन्नेलाई भने ज्यादै सताउँथे। त्यसै कारण सयौँ शत्रु उत्पादन गरे। तर उनलाई भने को शत्रु को मित्र बन्यो, त्यसबारे चासै भएन। खालि चिन्तनको चौतारीलाई अगाडि बढाउन पाए पुग्यो। सत्यतथ्य कुरा जनताजनार्दनलाई बुझाउन पाए पुग्यो। नयाँ कुरा जान्नबुझ्न चाहने जिज्ञासुहरू भने उनीप्रति आकर्षित बन्दै गए।

सुकरातको जीवनले पनि एउटा अनौठो फन्को मारेको देखिन्छ। एउटा सैनिक सेवाको मान्छे, ऊ आफ्नै संसारमा रमाउँदै थियो। साथीभाइसँग ख्यालठट्टा गर्दै समय काट्दै थियो। तर एकाएक मूर्च्छा पर्यो। २४ घण्टासम्म त सबै साथीभाइलाई अत्यायो। मूर्च्छा खुलेपछि ऊ त अनौठा दार्शनिक कुरा पो गर्न थाल्यो। यसरी एउटा सिपाही सन्तमा परिणत एको कुरा हिन्दी विश्वभारती भन्ने पुस्तकको दोस्रो खण्डमा बताइएको छ।

सायद उनलाई आफू मृत्युको नजिक पुगी फर्केर आएको अनुभव पो भयो कि? यस्तो अवस्थामा जीवन केही रहेनछ भन्ने निःसारता बोध हुन सक्छ। त्यही निःसारताबोध नै जीवन, मृत्यु, परमात्मा आदि यस्तै अनेकौँ रहस्यको खोजतर्फ लहसिएको हुन सक्छ, किनकि बुद्धले पनि रोग, बुढ्याइँ अनि मृत्यु यी तीन दृश्यदेखेर संसारको निःसारताको अनुभव गरेका हुन्। अनि मात्र सत्यको खोजमा लम्किएका हुन्। महर्षि सुकरातलाई पनि यस्तै भएको हुन सक्छ।

उनी सिपाहीबाट सन्तमा परिणत भए। त्यसपछि उनले सबै खाले भोलिको चिन्ता भुले। पैसा अर्थात् सम्पत्तिको मोह त्यागे। सौन्दर्य अर्थात् चिटिक्क परेर हिँड्ने कुरा पनि बिर्सिए। यसरी उनी गृहस्थ जीवन नछाडे पनि एउटा अनौठो फकिरका रूपमा परिणत भए। सम्पत्ति होइन, सत्यको खोजीमा भौँतारिए। घरपरिवारको पिरलोमा पिल्सिएनन्। यही नै थियो सुकरातको महायात्रा अर्थात् महाप्रस्थान।

'बुझ्नेलाई श्रीखण्ड, नबुझ्नेलाई खुर्पाको बिँड।' वास्तवमा यस्तै थियो सुकरातको दिनचर्या। यसलाई राम्ररी बुझे प्लेटोजस्ता महामानवले र जेनोफेनजस्ता दार्शनिकले। तर स्वार्थको पँधेरामा पानी भर्नेहरूले कहिल्यै बुझेनन् जुन कुरा स्वाभाविकै थियो। यस्तै अर्को घटनाले पनि उनको सन्त स्वभावलाई स्पष्ट पार्छ। एक दिनको कुरा हो, एक भविष्यवक्ता उनको घरमा आए। उनले त्यस बखतको युनानको सबभन्दा बुद्धिमान् व्यक्ति भनी सुनाए। यसको जवाफमा उनी कत्ति पनि नपत्याएझैँ गरी मरीमरी हाँसे। उनले आफू त जिज्ञासु मात्र भएको कुरा स्पष्ट पारे। एथेन्समा आफूभन्दा विद्वान् सयौँ भएको बारे पनि स्पष्ट पारे। उनले आफूले केही नजानेको तर जान्नबुझ्न चाहेको भनी त्यसबारे राम्ररी बुझाए। यस भनाइबाट पनि उनमा सन्त स्वभाव विकसित भएको बुझ्न सकिन्छ।

"हामी अज्ञानी भएर जन्मिएका हौं। यहाँ केही सिक्नु, बुझ्नु मानवस्वभाव हो। सबैभन्दा मुख्य कुरा त नयाँ कुरा बुझ्न खोज्नु हो। अज्ञानी भएर पनि आफूलाई बुद्धिमान् मानी घमन्ड गर्नु महामूर्ख बन्नु हो।" यसरी नै आफ्नो विचार अगाडि सार्न थाले महासन्त सुकरातले। यी कुरा पढ्दा, बुझ्दा उनलाई सांसारिक अनित्य भावको बोध भएको अनुभव गर्न सकिन्छ। सबै प्राणीको जीवन क्षणिक भएकाले हाँसेर, रमाएर लोक, परलोक आदिबारे बुझ्नबुझाउन लागिपर्नु राम्रो हो भन्ने कुरा बुझाउन खोजेका छन्। यसरी बुद्ध दर्शनको भाव उनमा पनि विकसित भएको अनुभव हामी गर्न सक्छौं। यो संसारको कठोर यात्रामा यस्तो भाव विकसित हुनुअनौठो कुरा होइन।

त्यस बखत पनि धर्म कमाउने धन्दाकै रूपमा रहेको देखिन्छ। धर्मको नाममा दानपत्र लेख्दै धन असुल्दै जनतालाई ठगेको कुरा त्यस समयको इतिहासले जनाउँछ। यसरी दान गरेको सम्पत्ति स्वर्गलोकमा पाउने सपना बाँडेर धनसम्पत्ति बटुल्दै सोझासिधा जनतालाई ठग्ने प्रवृत्ति ठीक होइन भन्ने सोच सुकरातमा रहेको छ। उनी ईश्वरलाई सत्यम् शिवम् सुन्दरम्को प्रतीक मान्थे। सत्य इमानदारिता र परिश्रमको अर्कोस्वरूप हो भने शिवम् भनेको कल्याण हो। जे गर्दा जनताजनार्दनको कल्याण हुन्छ त्यही नै शिवत्वको महिमा हो। सौन्दर्यलाई सुख अर्थात् आनन्दका रूपमा लिइएको छ। यी तीन कुराको सङ्गम हुन् भगवान्। यस्ता भगवान् सधैँ मनुष्यमा सहयोगी नै हुने कुरा सुकरातले स्वीकार गरेका छन्। ईश्वरले कहिल्यै कसैलाई पनि दुःख नदिने निष्कर्ष निकालेका छन्, महासन्त सुकरातले। यस्तै कुराको कारणले पनि रिसाएका हुन सक्छन् धर्मको नाममा खान पल्केका मठाधीशहरू।

सुकरातलाई उनका आफ्नै साथीहरूले पनि विभिन्न खाले प्रश्नहरू सोधेको देखिन्छ। पृथिवी कसरी बन्यो ? मानिस कहाँबाट पृथिवीमा आए ? प्राणीहरू कसरी सुखी होलान् ? यस्ता प्रश्नहरूको जवाफ सुकरातले दिएनन्। यस्ता प्रश्नहरूको जवाफमा उनले भने- "मित्रहरू ! यस्ता प्रश्नहरूमा अलमलिनु मूर्खता मात्र हो। तपाईंहामी यहाँ छौँ। अहिले यही नै सत्य हो। अरूलाई दुःख नदिई बाँच्ने प्रयास गरौँ। यही नै महानता हो। सबैसँग मिलेर बाँच्नु नै महानता हो।" उनको यस्तो भनाइले पनि भगवान् बुद्धलाई नै सम्झाउँछ। भगवान् बुद्ध पनि ईश्वर, स्वर्ग र पुनर्जन्मबारे कुरा उठाउँदा मौन रहेको देखिन्छ। अर्थात् उनले पनि यस्ता रहस्यका कुरा उठाउँदा विवादमा पर्न चाहेनन्। यो प्रसङ्गमा त्यस्तै प्रवृत्ति सुकरातमा पनि रहेको स्पष्ट हुन आउँछ। आफूले नजानेको विषयमा विद्वत्ता छाँट्न नचाहेको देखिन्छ। यो पनि उनको अर्को महानता हो।

जीवनको उत्तरार्द्धमा सुकरातमा महर्षि भाव देखा पर्यो। सत्य के हो ? त्यसबारे बुझ्नबुझाउनमा मात्र उनको ध्यान केन्द्रित रह्यो। कुनै रोग लाग्नु अथवा प्राकृतिक प्रकोप आइलाग्नु कुनै देवता रिसाएको कारणले पो हो कि ? यस्तो शङ्कामा कत्ति पनि अलमलिएनन् महर्षि सुकरात। उनलाई यस्तो कुरामा विश्वासै लागेन। देवतालाई पुज्दैमा पानी पर्ने अथवा नपर्नेजस्ता कुरामा पनि उनलाई विश्वास लागेन। यस्ता भ्रममा परेर अलमलिन चाहेनन्। यस्तै खाले एक प्रकारको नयाँ सोच उनमा देखा पर्यो। उनी साधारण मानिसभन्दा माथि उठे। आफैँले सृष्टि गरेका प्राणीहरूलाई भगवान् आफैँले किन दुःख दिने ? यस्तो कुरा त हुनै सक्दैन भन्ने धारणा राख्थे सुकरात। यस्ता अनेकौँ कुरा सुन्न युवाहरू नै लागिपर्थे। नयाँ चिन्तनमा उनीहरूको रुचि बढ्नु पनि स्वाभाविकै थियो। यस्तो प्रवाह चल्दै थियो। यसै बेला धर्मको नाममा खान पल्केका सबै खाले समूह उनको विरोधमा लागे। उनलाई पक्राउ गरियो र जेलमा राखियो।

सन्त स्वभावका सुकरातलाई लगाइएका दोषहरू पनि अलि अनौठै थिए। पहिलो दोष थियो- त्यस बखत प्रचलनमा रहेका देवीदेवतालाई नमानेको भन्ने कुरा।

देवीदेवतालाई नमान्नुभन्दा पनि उनको बुझाइअनुसार भएको फरक व्याख्या नै यसको कारण थियो। अर्को आरोप थियो- त्यस बखतका युवालाई भड्काएको र गलत बाटोमा हिँडाएको। त्यस बखतको मान्यताभन्दा उनमा अलि फरक सोच थियो। मानिस जहिले पनि आफ्नो समयमा चलेको भन्दा अलि फरक तर सुधारवादी सोच सुन्न र बुझ्न चाहन्छ। यस्तो जमातमा युवाहरूकै बढी बाहुल्य हुन्छ। यो स्वाभाविक प्रक्रिया पनि हो। यस्तो स्वाभाविक प्रक्रियालाई पनि त्यस बखतका शासकहरूले बुझ्न चाहेनन्। यस्तै आरोपहरूका आधारमा उनलाई सजाय तोकियो। त्यो सजाय थियो मृत्युदण्ड।

जीवनको उत्तरार्द्धमा सन्त सुकरात पनि अलि बढी एकोहोरो पो भए कि भन्ने शङ्का गर्ने ठाउँ प्रशस्त छ। उनले व्याख्या गरेका उनका नीतिहरूले पनि त्यस्तो झलक दिन खोजेका छन् भने मृत्युदण्डको सजाय, त्यसबारेको उनको बुझाइ र पनि यो कुरा अन्तिम समयमा आफ्ना समर्थकहरूलाई सम्झाउन खोजेको कुराबाट पनि यो स्पष्ट हुन आउँछ।

"जो भद्र छ, सबैका लागि भद्र; जो अभद्र छ, सबैका लागि अभद्र हुन्छ", यसै भन्थे सुकरात। यो कुरामा त्यस बखतका सोफिस्टहरू सहमत हुन सकेनन्। कुनै व्यक्ति एउटाका लागि भद्र नभए पनि अरूका लागि भद्र हुन सक्छ। स्वार्थ मिल्दा मित्र मानिएकाहरू स्वार्थ बाझिनासाथ शत्रु बनेका अर्थात् शत्रुजस्तै बनेका छन्। यस्ता उदाहरण धेरै छन्। यहाँ पनि सुकरात बढी सिद्धान्तवादी बनेको र सोफिस्टहरू बढी व्यवहारवादी बनेको देखिन्छ। "जसलाई असल के हो र खराब के हो भन्ने ज्ञान छैन त्यसले भद्र अर्थात् असल काम गर्न सक्दैन", यस्तो मान्यता राख्थे सुकरात। साधारण बुझाइमा यो कुरा ठीकैजस्तो देखिन्छ, तर अलि गहिरिएर समाजको निरीक्षण गर्ने हो भने अहिलेको समाजमा त बुझेका विद्वान् जति खराब छन्, जति बेइमान बनेका छन्, त्यसको तुलनामा नबुझेका लाटागाँडाहरू त्यत्तिकै भद्र र सज्जन भेटिएका छन्। यो कुरामा पनि उनको झुकाव सिद्धान्ततर्फ नै बढी भयो कि भन्ने देखिन्छ। हुन त 'कुण्डकुण्ड पानी, मुण्डमुण्ड बुद्धि' भनेझैँ यो भनाइको व्याख्या आआफ्नै पाराको हुन सक्छ।

"जसलाई कुरा के हो भन्ने थाहा छ त्यसले खराब काम गर्ने सक्दैन।" यो भनाइमा पनि उनको विशेष सन्त स्वभाव झल्कन्छ। अहिलेको हाम्रो समाज अध्ययन गर्दा त यो भनाइ पटक्कै मिल्दैन, तर सुकरातको समय कता हो कता अहिलेको भन्दा आनका तान फरक भएकाले यो भनाइ त्यस बखत लागू हुन्थ्यो कि ? यस सम्बन्धमा जैनहरूको स्यात्वादको कुरा यहाँ उठाउन चाहन्छु।

ज्ञानका दृष्टिले कोही कहिल्यै पूर्ण नहुने कुरा जैनहरूले उठाएका छन्। समय, स्थान र व्यक्तिविशेषको भिन्नताले गर्दा हरेक कुराको बुझाइमा भिन्नता आउँछ। अर्थात् समय, स्थान र व्यक्ति फरक हुनासाथ बुझिने कुरा पनि फरक त्यसैले कसैले पनि ज्ञानमा पूर्णता पाउँदैन भन्ने निष्कर्षमा पुगेका छन् जैनहरू। यसैलाई स्यात्वाद भनिन्छ। स्यात्को अर्थ हो होला अर्थात् हुन सक्छ। यही जैनहरूको सिद्धान्तलाई सम्झने हो भने त्यस बखतको समयपरिस्थितिअनुसार महर्षि सुकरातको भनाइ कतै ठीक पो थियो कि ? उनको त्यस बखतको चिन्तनको व्याख्या अहिलेको समय परिस्थितिअनुसार गर्न खोज्नु उचित होइन कि ? त्यसैले त्यस बखतको चिन्तनलाई अहिलेको सन्दर्भमा व्याख्या गर्दा कतै त्यो अपव्याख्या त हुने होइन ? यसतर्फ पनि सजग रहनुपर्ला कि भन्ने धारणा यहाँ प्रस्तुत गर्न चाहेको हुँ।

७० वर्षीय सुकरातलाई मृत्युदण्डको सजाय सुनाइयो। त्यो सुनेर न उनी झस्किए न त तर्सिए नै। त्यसलाई उनले ज्यादै सहज रूपमा स्वीकार गरे। मृत्युदण्डको सजाय सुनेपछि उनले व्यक्त गरेको विचारबाट पनि यो कुरा स्पष्ट हुन्छ। आफूलाई लगाइएको आरोप र सजाय सुनेर उनले भने- "निर्णय गर्नेहरू, तिमीहरूले पनि मृत्युलाई सहर्ष स्वीकार गर्नुपर्छ। जो भलादमी छ, जो समझदार छ उसलाई न मृत्युले तर्साउँछ न त जीवनले सताउँछ। मलाई मृत्युसँग डर छैन। मर्नु भनेको दुःखबाट मुक्त हुनु हो। त्यसैले मलाई बाँच्ने लालसा छैन। म न दोष लगाउनेसँग रिसाएको छु न त निर्णय गर्नेहरूसँग। कसैसँग रिसराग छैन। जीवन महत्त्वपूर्ण हो अथवा मृत्यु, त्यो पनि भगवान् नै जानून्।"

यसरी उनले ज्यादै उदार भावले आफ्नो धारणा राखेका छन्। बुद्धले सारा संसार अनित्य छ, सबै अस्थायी छ; त्यसैले सुखमा खुसी नहोऊ, दुःखमा नछटपटाऊ, सखदुःख सबै क्षणिक छन्, त्यसैले मनमा समभाव (दुःखमा नआत्तिने र सुखमा नमात्तिने) राख भनी दिएको उपदेश त युनान पुगेर सुकरातमा पो लागू भएको छ। त्यस्तो अवस्थामा उनी हडबडाएनन्। शान्त भावले आफ्नो सोचविचार अरूलाई सुनाइरहे।

मृत्युदण्डको दिन पनि तोकियो। त्यसको अघिल्लो उनका शुभचिन्तकहरू सुन सकेनन्। बिहान सबेरै जेलको अगाडि भेला भए, तर सुकरात भने मस्त निद्रामा थिए। उनी ब्युँझनासाथ सबै जनाले उनलाई सम्झाए। माफी मागेर भए पनि जीवन जिउन अनुरोध गरे। उनले त्यो कुरा स्वीकार गरेनन्। उनले सबैलाई सम्झाउँदै भने- "गल्ती नै गरेको छैन भने किन माफी माग्ने ? गल्ती नै नगरी त्यसै दोष लाग्छ भने कसको के लाग्छ ? यस्तो अवस्थामा मृत्यु नै बेस।" यसरी उनले आफ्ना शुभचिन्तकहरूलाई सम्झाएको देखिन्छ। यसबाट पनि उनी कहाँसम्म अर्थात् कस्तो अवस्थामा पुगेका रहेछन् भन्ने स्पष्ट हुन्छ।

यो संसारमा सबै प्राणीलाई आफ्नो जीवन सबभन्दा प्यारो हुन्छ। तर सुकरातमा त्यस्तो मायामोह कतै देखिन्न। उनी वैराग्यको पनि अन्तिम अवस्थामा पुगेको देखिन्छ। सत्यका लागि लड्न आफ्नो ज्यानै अर्पण गरे। उनको यही अवस्थालाई मात्र मनन गर्दा पनि उनमा देखा परेको महर्षि भाव बुझ्न सकिन्छ। यस्तो महर्षि भाव भएका व्यक्तिले पनि अन्तिम अवस्थामा हेमलक नाम गरेको विष पिएर मर्नुपर्यो। सांसारिक विचित्रता पनि यसैमा छ। यस्ता महान् सहिष्णु स्वभावका पण्डितलाई पनि त्यस बखतको शासनले सहन सकेन। उनको सत्य आग्रहलाई बुझ्न सकेन। अरू त छाडौँ, जेलमै बसेर सामान्य जीवन जिउने अधिकार पनि उनले पाएनन्। आखिर विष खाएरै यो संसारबाट बिदा भए।

यो संसार विचित्र छ। जसले सत्यको खोजी गर्छ उही नै असत्यको सिकार बन्छ। सत्यको खोजी र तथ्यका आधारमा विश्वास गर्ने सुकरात असत्य आरोपहरूकै घेरामा परेर मारिए। त्यस बखतका शासकहरूका लागि महान् शत्रु ठहरिए, तर तिनै विद्वान् पश्चिमी दर्शनको महान् आधारशिला मानिए। त्यस बखतका शासकले उनलाई नचिने पनि उनका पछिल्लो पुस्ताका महान् प्रतिभा प्लेटोले उनलाई चिने। उनलाई महान् महर्षिका रूपमा प्रस्तुत गरिदिए। कतै कहिल्यै चिनिन नचाहने सुकरातको परिचय दिए। उनले बोलेका महान् वाणीलाई अमर वाणीमा परिणत गरिदिए। यसरी सुकरातको चिन्तन बचाएर उनलाई सदासर्वदाका लागि अमर बनाइदिए। यसरी चिन्नेलाई श्रीखण्ड, नचिन्नेलाई खुर्पाको बिँड भन्ने नेपाली उखान यहाँ पनि पूर्ण रूपले लागू भएको छ।

(साभारः 'सारसङ्क्षेपमा पश्चिमी दर्शन')

## ब्युटीसियनद्वारा...

परिवारजनका अनुसार पुस २ गते ईशान पढाइ सकेर स्कुलबाट घर फर्किएपछि पुनः तेक्वान्दो प्रशिक्षण दिन विद्यालय गएका थिए। त्यसपछि उनी जिम हाउस गएका भए पनि साँझ घर फर्किएका थिएनन्। भोलिपल्ट पुस ३ गते ईशानको शव आफ्नै घरबाट करिब डेढ सय मिटर उत्तरतर्फ सडक किनारको ढक्कन लागेको नालीमुनि फेला परेको थियो।

प्रहरीले गाडीको ठक्करबाट पुस २ गते साँझ ईशानको मृत्यु भएको र पुस ३ गते शव फेला परेको प्रारम्भिक अनुसन्धान रिपोर्ट परिवारलाई सुनाएपछि परिवारजन तथा स्थानीयले त्यसलाई अस्वीकार गर्दै योजनाबद्ध हत्या भएको दाबी गर्दै आएका छन्। यसैबिच ईशान शर्मा पौडेलसँग सम्बन्धित घटनाप्रति गम्भीर ध्यानाकर्षण जनाउँदै ब्युटीपार्लर एसोसिएसन गण्डकी प्रदेशअन्तर्गत कास्की, स्याङ्जा र लमजुङ जिल्ला इकाइले संयुक्त विज्ञप्ति जारी गर्दै निष्पक्ष छानबिन र दोषीमाथि कडा कारबाहीको माग गरेका छन्।

विज्ञप्तिमा घटनाले सम्पूर्ण समाजलाई स्तब्ध बनाएको उल्लेख गर्दै पीडित परिवारलाई न्याय, सुरक्षा र विश्वास दिलाउन सम्बन्धित निकाय गम्भीर हुनुपर्ने माग गरिएको छ। साथै कुनै पनि दबाब वा प्रभाव बिना कानुनअनुसार दोषीलाई कडा सजाय दिन आग्रह गरिएको छ।

विज्ञप्तिमा कास्की जिल्ला अध्यक्ष छायाँ देवकोटा, स्याङ्जा जिल्ला अध्यक्ष पवित्रा गुरुङ, गण्डकी प्रदेश अध्यक्ष मीना के.सी. तथा लमजुङ इकाइ अध्यक्ष सोमा शर्माको हस्ताक्षर रहेको छ।

## काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२।०९।१९ गते)

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना अनुसार आ.व. ०८२।०८३ मा सामुदायिक वनको पुनरुत्पादन कटान क्षेत्रमा कटान सहमति भएका रुखहरु कटान गरी उत्पादन भएका उपभोक्ता तथा छिमेकी सा.व.उ.स.भित्र बिक्री नभई घाट गद्दीमा रहेका विभिन्न जातको गोलिया थान २७८ को २०८२.२६ क्यू.फिट काठ र दाउरा ८ चट्टालाई (कायमगरिएको १ वटा लट)हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग व फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिनभित्र कार्यालय समयभित्र बोलपत्र खरीद गरी २२ औं दिन शनिबार परेकोले मिति २०८२।१०।११ गते दिउँसको ३:०० बजे भित्र दाखिला गर्नुहुन र विस्तृत जानकारीको लागि यस समूहको कार्यालय तथा जिल्लास्थित अन्य कार्यालयमा टाँस भएको सूचना हेर्नु हुन अनुरोध छ।

माईकोट डाँडा सामुदायिक वन उपभोक्ता समूह
शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

## संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सुचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०९/१९ गते)

यस उन्नति सहकार्य लघूवित्त वित्तीय संस्था लिमिटेडका संस्थापक शेयरधनीले आफ्नो नाममा रहेको संस्थापक शेयर ६८०० कित्ता (५ हजार आठ सय कित्ता मात्र) विक्री गर्ने इच्छा राखी संचालक समिति समक्ष निवेदन दिनु भएको मा प्रचलित नियम तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम् रित पुऱ्याई विक्री गर्ने प्रकृया अगाडी बढाउने निर्णय भएकोले संस्थापक शेयर खरिद लिन इच्छुक हाल कायम संस्थाका संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनूपर्ने व्यवस्था रहेकोले संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। यदि कूनै संस्थापक शेयरधनी महानूभावहरुलाई यस वित्तीय संस्थाको संस्थापन शेयर खरिद गरि लिन इच्छा भएमा यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आवश्यक कागजात प्रमाण सम्लग्न गरि यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय सिद्धार्थनगर नगरपालिका १२, रुपन्देहीमा आफूले खरिद गर्ने शेयर कित्ताको व्यहोरा खूलाई निवेदन दिनूहून सुचित गरिन्छ। संस्थापक शेयर खरिद गरि लिने सम्बन्धमा तोकिएको उक्त म्याद भित्र हाल कायम संस्थापक शेयर धनी महानूभावहरुको निवेदन पेश हून नआएमा प्रचलित नियम अनूसार अन्य व्यक्ति वा संस्थालाई विक्री गर्ने सन्बन्धि आवश्यक कार्यवाही अघि बढाईने व्यहोरा समेत सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड
Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited
केन्द्रीय कार्यालयः सिद्धार्थनगर नगरपालिका – १२, रुपन्देही
फोन नं. ०७१–५७११२६, ५७११२८
Email:-unnatiho@gmail.com

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**जलाशयमा आप्रवासी चराः**
दाङको तुलसीपुर उप-महानगरपालिका-१४ स्थित खौसापुर कृत्रिम जलाशय क्षेत्रमा पानीमा खेलिरहेका आप्रवासी हाँस जातका पाहुना चराहरू। चिसोयाम सुरु भएसँगै उपयुक्त तापक्रम र सुरक्षित बासस्थानको खोजीमा नेपाल तथा छिमेकी मुलुकका उच्च हिमाली भू-भागबाट बसाइँ सरेर आएका सुनजुरे हाँस, हरियो टाउके, जलेवा, चखेवा र मरुल जातका चराहरू यस क्षेत्रमा देखिन थालेका छन्। तस्विरः कुलदीप न्यौपाने/रासस

# स्याङ्जामा यस वर्ष एक अर्ब ३२ करोडको सुन्तला उत्पादन



वालिङ । स्याङ्जाबाट यस वर्ष रु एक अर्ब ३२ करोडभन्दा बढी मूल्यको सुन्तला उत्पादन भएको छ। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यान्वयन एकाइ स्याङ्जाका सूचना अधिकारी प्रतिभा बुढाथोकी क्षेत्रीका अनुसार स्याङ्जामा यस वर्ष कुल २३ हजार २३८ मेट्रिक टन सुन्तला उत्पादन भएको छ। यहाँ उत्पादन भएको सुन्लता थोकमा प्रतिकेजी रु ५७ का दरले बिक्री भएको छ।

गत वर्षको तुलनामा यस वर्ष रु २० करोड बढी मूल्यको सुन्तला उत्पादन भएको हो । गत वर्ष २० हजार ८४ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । यस वर्ष गत वर्षको तुलनामा उत्पादकत्वसमेत बढेको छ। यस वर्ष १६.३७ टन प्रतिहेक्टर उत्पादन भएको छभने गत वर्ष १४.६६ टन प्रतिहेक्टर उत्पादन भएको थियो।

स्याङ्जा जिल्लामा उत्पादन भएको कुल परिमाणको सुन्तलामध्ये ९० प्रतिशत बिक्री हुने गरेको छ भने बाँकी रहेको १० प्रतिशत सुन्तला कोसेली, उपहार तथा घरघरमै खपत हुने गरेको उनले बताइन्। यस वर्ष उत्पादन भएकामध्ये २० हजार ८८२ मेट्रिक टन बिक्री योग्य परिमाणको सुन्तला हो।

स्याङ्जामा गत वर्षको तुलनामा यस वर्ष सुन्तला बगैँचाले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ। गत वर्ष दुई हजार २५० हेक्टर क्षेत्रफलमा रहेको सुन्तला बगैँचा यस वर्ष एक सय ५० हेक्टर क्षेत्रफल वृद्धि भई दुई हजार ४०० हेक्टर पुगेको उनले जानकारी दिइन्।

गत वर्ष एक हजार ३७० हेक्टर उत्पादनशील क्षेत्रफल रहेको थियो । यस वर्ष उत्पादनशील क्षेत्रफल एक हजार ४२० हेक्टर रहेको छ। हुर्कँदो बगैँचाको क्षेत्रफलसमेत गत वर्षको तुलनामा यस वर्ष एक सय हेक्टर वृद्धि भएको छ। गत वर्ष ८८० हेक्टर रहेकामा यस वर्ष ९८० हेक्टरमा हुर्कँदो सुन्तलाको बगैँचा रहेको छ।

विसं २०७३/७४ मा स्याङ्जालाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना जोन कार्यान्वयन एकाइ घोषणा गरिएको थियो। आव २०७५/७६ को सुरुआतसँगै स्याङ्जालाई सुपरजोन घोषणा गरिएको थियो। सुन्तलाका क्षेत्रमा सुपरजोन घोषणा भई कार्यान्वयनमा आएसँगै जिल्लामा सुन्तला उत्पादनतर्फ किसान थप आकर्षित भएर लागेका छन्।

स्याङ्जामा सुन्तला व्यवसायलाई मुख्य आम्दानीको स्रोतका रूपमा विकास गर्ने पद्धतिको विकास हुँदै गएको छ । जिल्लाका विभिन्न भागमा निर्वाहमुखी र घरायसी प्रयोजनका लागि गरिँदै आएको सुन्तलाखेतीलाई विस्तार गरी व्यवसायीकरण गर्न थालिएको छ। सुन्तलाखेतीलाई प्रमुख आम्दानीको स्रोतका रूपमा विकास गर्नेतर्फ सुन्तला किसानको लहर बढ्दै गएको छ।

पाखो, भिरालो जमिन तथा बारीमा अन्य रुख बुट्यानलाई फडानी गरी सुन्तला बगैँचा निर्माण गर्ने र अन्य खाद्यान्न उत्पादन हुने जमिनलाई सदुपयोग गरी सुन्तलाका बोट लगाउनेतर्फ अहिले किसान आकर्षित हुँदै गएका छन्।

जिल्लाको पुतलीबजार, वालिङ, भिरकोट, गल्याङ नगरपालिकासहित आँधीखोला, फेदीखोला, विरुवा, अर्जुनचौपारी गाउँपालिका सुन्तला उत्पादनको मुख्य पकेट क्षेत्र हुन्। यहाँका सुन्तला काठमाडौँ, बुटवल, पोखरा, नारायणगढलगायत ठूला शहरमा पुग्ने गरेका छन्। स्याङ्जामा उत्पादन भएको सुन्तला खरिद गर्न सिधै व्यापारी बगैँचामा पुग्ने गरेका छन्।

# इन्टर रोट्र्याक्ट फुटसल हुँदै




बुटवल। रोट्र्याक्ट क्लब अफ मणिग्रामको आयोजनमा बुटवलमा शनिबार हुने दोस्रो इन्टर रोट्र्याक्ट फुटसल टुर्नामेन्ट २०२६ को सम्पूर्ण तयारी पूरा भएको छ।

क्लबले पत्रकार सम्मेलन गर्दै तयारी पूरा भएको जानकारी गराएको हो। बुटवल-१०को स्वर्णिम फुटसल ग्राउण्डमा पुरुष र महिला गरि छुट्टाछुट्टै प्रतियोगिता आयोजना गरिएको क्लबका अध्यक्ष विनोद बश्यालले पत्रकार सम्मेलनमार्फत् जानकारी गराए।

रूपन्देहीका रोट्र्याक्ट क्लबहरुबिच सद्भाव बढाउनको लागि प्रतियोगिता आयोजना गरिएको बताउँदै उनले पुरुषका १६ र महिलाका ७ टिमबिच नकआउट आधारमा खेलहरु हुने जानकारी गराए।

देशभरी छरिएर रहेका रोट्र्याक्ट परिवारलाई एक ठाउँमा खेलको माध्यम प्रयोग गरिएको आइपी डीआरआर बिक्रम क्षेत्रीले बताए।

पुरुषतर्फ प्रथम पुरस्कार रु ३३,३३३ र दोश्रो हुनेलाई १५, ५५५ रुपैयाँसहित शिल्ड मेडल र प्रमाणपत्र प्रदान गरिने जनाइएको छ। महिलातर्फ भने प्रथम हुनेलाई शिल्ड, मेडल र प्रमाणपत्र र प्रदान गरिने छ।

सो अवसरमा चार्टर्ड प्रेसिडेन्ट कृष्णप्रसाद बस्याल, डिडिआर इलेक्ट प्रकाश शर्मा गैरे, पास्ट प्रेसिडेन्ट आयुस पौडेललगायतले बोलेका थिए। सो अवसरमा टाइसिट सार्वजनिक तथा आयोजक क्लबको जर्सी सार्वजनिक गरिएको थियो।

प्रतियोगिताको पहिलो सिजन सेन्टर रूपन्देहीले जितेको थियो।

# जिल्ला सहकारी संघ रूपन्देहीको वार्षिक साधारणसभा



बुटवल। सहकारीको नेतृत्वदायी तथा अभिभावक संस्था जिल्ला सहकारी संघ लिमिटेड रुपन्देहीको ४१औं वार्षिक साधारणसभा शुक्रबार बुटवलमा सम्पन्न भएको छ। साधारणसभाको संघका पुर्व अध्यक्ष तथा सहकारी अभियान्ता इश्वरचन्द्र पोखरेलले उद्घाटन गरे। सोही अवसरमा बोल्दै उनले सहकारी क्षेत्रको विकास र प्रवर्द्धनका लागि सहकारीहरुले उत्पादन, बजारीकरणमा लाग्नुपर्ने र स-साना लगानीका क्षेत्रमा ध्यान दिई जीविकोपार्जन, आयआर्जनसहितका योजना पस्कने योजना ल्याउनुपर्ने धारणा राखेका थिए। पछिल्लो समय कतिपय सहकारीहरुका कारण सिंगो सहकारी अभियानमा प्रश्न उठेको भन्दै उनले सहकारीका ऐन नियमको पालना गरी सञ्चालमा रहेका सहकारीमा कुनै पनि समस्या नआउने बताए।

कार्यक्रममा संस्थाका अध्यक्ष भिमप्रसाद तुलाचनले वार्षिक नीति कार्यक्रमसहितको प्रतिवेदन प्रस्तुत गर्दै आगामी योजनाहरुबारे जानकारी गराए। सहकारी संस्थाहरूले वर्तमान अवस्थामा भोगिरहेका चुनौतीहरूको स्मरण गराउँदै उनले जिल्ला सहकारी संघलाई अझ परिस्कृत बनाएर लैजानुको विकल्प नभएको बताए। संघको जग्गाको समस्या समाधानका लागि समिति गठन गरी तत्काल काम सुरु गरीने अध्यक्ष तुलाचनले बताए। नीति र व्यवस्थापनमा देखिने समस्याको समाधानका लागि जिल्ला सहकारी संघले निरन्तर रूपमा क्रियाशील रहने उनले प्रतिबद्धता जनाए। साथै, सबै सहकारी संस्थाले सदस्यता नवीकरणमा ध्यान दिनुका साथै संघलाई मर्यादित र सुदृढ बनाउन सहयोग गर्नुपर्ने आवश्यकता औँल्याए।

साधारणसभामा लेखा सुपरीवेक्षण समितिका संयोजक प्रकाश गैरेले लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन, संघका महासचिव दामोदर पंगेनीले प्रगती प्रतिवेदन तथा कोषाध्यक्ष सुवकान्त न्यौपानेले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा बोल्ने वक्ताहरुले सरकारी क्षेत्रको क्षमता अभिवृद्धि, सुशासन प्रवर्द्धन तथा सहकारी संस्थामा देखिएका समस्याको समाधानका लागि संघले पैरवी गर्नुपर्नेमा जोड दिएका थिए। जिल्ला सहकारी संघ रुपन्देहीमा ४०६ वटा सहकारी संस्थाहरु आबद्ध रहेका छन्। रु. ४१ लाख २५ हजार ६ सय शेयर रकम रहेको संघले रु. २० लाख ७५ हजार ऋण लगानी गरेको छ।

यस्तै बचत रकम रु २ करोड ३७ लाख ७७ हजार ९८९ रहेको छ। संघका उपाध्यक्ष टिका न्यौपानेको स्वागत तथा सचिव बेलप्रसाद शर्माको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो। साधारणसभामा उत्कृष्ट सहकारी सञ्जाललगायतलाई सम्मानसमेत गरीएको थियो।

# कालिकामा खाना महोत्सव

बुटवल । कालिका मानवज्ञान माविमा फुड फेस्टिवल आयोजना गरिएको छ । बुटवल उप-महानरपालिका वडा नम्बर १० कालिका नगरमा रहेको सेक्टर १ र सोही वडाको सेक्टर २ रामनगरमा खाना महोत्सव आयोजना गरिएको हो।

विद्यार्थीहरुले आफूले तयार गरेका मौलिक नेपाली खानाका परीकाहरुहरु पकाएर अभिभावकहरुलाई खुवाएका थिए। विद्यालयमा आफ्नै सन्तानले पाकाएका खानाका परीकारको स्वाद लिन पाउँदा अभिभावकहरु मख्ख देखिएका थिए। विद्यार्थीहरुले सेलरोटी, चुकौनीसहित ललिपपलगायतका विभिन्न परिकाहरु बनाएका थिए।

विद्यालयमा कक्षा ११ र १२ को होटल म्यानेजमेन्टमा अध्ययनरत विद्यार्थीहरुले खानाका परीकार बनाउनको लागि सहजीकरण गरेका थिए भने कक्षा ६ र ७ का विद्यार्थीको खानाका परीकार बनाउनको लागि पूर्णरुपमा सहभागी रहेका कार्यक्रम संयोजक विद्यालयका शिक्षक ईवराज तिवारीले जानकारी दिए।

विद्यालयका प्रधानाध्यापक दिनेश थापाका अनुसार विद्यार्थीहरुले सिकेको शैद्धान्तीक ज्ञानलाई व्यवहारिक रुपमा रुपान्तरण गर्नको लागि खाना महोत्व आयोजना गरिएको हो।

सरावल गाउँपालिकाको अनुरोध

प्रत्येक वर्ष तराई तथा भित्रि मधेसका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ। त्यसैले चिसो बाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ।

**बच्ने उपायहरु**
- बाक्लो तथा न्यानो लुगा लगाउने गरौ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौ।
- कोठा न्यानो पारौ र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔ।
- बालबालिका, वृद्ध वृद्धा, गर्भवती महिला तथा दिर्घ रोगीहरुलाई चिसोबाट जोगाऔ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आई परेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा छाती घ्यार घ्यार भएमा वा खास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौ।
- सुत्ने कोठामा आगो, हिटर कोईला बाली झ्याल ढोका बन्द गरेर सुनु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ।
- धुम्रपान तथा मदपानको सेवन नगरौ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौ।
- अत्यावश्यक काम बाहेक राती र सधैरै (बिहान) को समयमा बाहिर हिंड्डुल नगरौ।

याद राखौ छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौ र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔ।

अनुरोधक :
सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प), लुम्बिनी प्रदेश, नेपाल

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com